# ढकारी गाउँपालिका

**ढकारी गाउँपालिकाको उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री नेत्रकला देवी शाहीले प्रस्तुत गरेको आ.व. २०८२/०८३ को बजेट वक्तव्यः**

## ढकारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

ढकारी, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

**ढकारी गाउँपालिकाको उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री नेत्रकला देवी शाहीले प्रस्तुत गर्ने आ.व. २०८२/०८३ को बजेट वक्तव्यको मस्यौदा**

**ढकारी गाउँपालिका गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यहरु,**

१. ढकारी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजकको हैसियतले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट पेश गर्न यस सम्मानित जनताहरुको प्रतिनिधिमुलक स्थान गाउँसभामा उपस्थित भएको छु । १३ औँ गाउँसभाको दोस्रो बैठकमा मलाई यो अवसर प्रदान गर्नु भएकोमा सभाका अध्यक्ष महोदयलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।
२. नेपालको संविधानलाई सर्वोपरी राखी नेपालको प्रजातान्त्रिक आन्दोलन, लोकतान्त्रिक आन्दोलन एवम् सशत्र संघर्षको बेला बलिदानी गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै उक्त आन्दोलनका क्रममा घाईते भएका व्यक्ति, बेपत्ता पारिएका, अपाङ्ग भएका व्यक्ति एवम् सहिदका परिवारहरुलाई उच्च सम्मान प्रकट गर्दछु ।
३. नेपालको संविधानले निर्दिष्ट गरेको नीति तथा सिद्धान्त, स्थानीय तहको क्षेत्राधिकार, नेपाल सरकार राष्ट्रिय योजना आयोगको पन्ध्रौँ योजनाको समिक्षा, सोह्रौँ योजनाको लक्ष्य एवम् उद्देश्य, बजेट तथा कार्यक्रम, सुदूरपश्चिम प्रदेश सरकारको योजना, नीति तथा कार्यक्रम र बजेट , ढकारी गाउँपालिका गाउँसभाले प्रस्तुत गरेको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम र सोको मुल नारा "**स्वास्थ्य, कृषि र पूर्वाधार ढकारीका बलिया आधार**", गाउँ कार्यपालिकाका अध्यक्ष, वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्यहरुका सुझाव तथा सल्लाहलाई मार्गदर्शक मानी नेपालको संविधान कार्यान्वयनको क्रममा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वयको मर्म भित्र रही बजेट निर्माण गरेको छु ।
४. संकुचित अर्थतन्त्र, राजस्व संकलनमा न्यूनता, विश्वव्यापी आर्थिक मन्दी, चालुखर्चको वृद्धिले गर्दा हाम्रा सम्पूर्ण सुशासन,विकास र समृद्धीका चाहाना एउटै बजेटबाट सम्बोधन गर्न समस्या भई रहेको छ । तथापी स्थानीय जनताको माग, आवश्यकता र स्रोतको अवस्थालाई मध्येनजर गरी राजस्व र व्ययको अनुमान पेश गर्ने कोशिस गरेको छु ।

**ढकारी गाउँपालिका गाउँसभाका अध्यक्ष महोदय,**
**गाउँसभाका सदस्यहरु,**

५. चालु आर्थिक वर्ष २०८१/०८२ को हालसम्मको प्राप्तप्रमुख उपलब्धिहरूको संक्षिप्त विवरण यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छुः–

- चालु आ.व. २०८१।०८२ सम्पन्न हुने गरी रु ३७ लाख लागत रहेको ढुङ्गाचाल्ना स्वास्थ्य चौकीको भवन निर्माणाधीन अवस्थामा रहेको छ ।
- यसै आर्थिक वर्षमा वडा नं. ७ अन्तर्गत विपन्न अवस्थामा रहेका दलित समुदायको बस्ति निर्माण कार्यका लागि रु ३०,००,०००।– विनियोजन भई निर्माण कार्य सम्पन्न भईसकेको छ । त्यसै गरी उक्त दलित टोलमा ४५ वटा शौचालय निर्माण सम्पन्न भएकाछन् ।
- सिंचाई सुविधाको अभावमा रहेको ढकारी गाउँपालिका वडा नं. ४ बलातामा रु ६४ लाख लागत रहेको तुरे सिंचाई कूलो निर्माण सम्पन्न भएको छ ।त्यस्तै ढकारी गाउँपालिका वडा नं. २ अन्तर्गत रु ५० लाख लागत रहेको डाँडाखेत सिंचाई कुलोको पनि निर्माण कार्य सम्पन्न भएको छ।
- ढकारी गाउँपालिका वडा नं. ६ अन्तर्गत रु ३५ लाख कुल लागत रहेको मगरटोल मैथुम खानेपानी निर्माण कार्य सम्पन्न भएको छ । त्यसै गरी ढकारी गाउँपालिकाको पहिलो लिफ्टिङ्ग प्रविधिमा आधारित रु ५० लाख लागत रहेको अमगाउँ लिफ्ट खानेपानी निर्माण योजना सम्पन्न भई सकेको छ । यो प्रविधिमार्फत योजनाले सफलता हासिल गरेका खण्डमा गाउँपालिकाको

अन्य खानेपानीको अभाव भएका स्थानहरुमा यो प्रविधि मार्फत खानेपानी सेवा विस्तार गरिने छ ।

- गाउँपालिकाको प्रशासकीय भवन तथा गाउँपालिका अस्पतालको भवन निर्माणाधीन अवस्थामा रहेको छ । ढकारी गाउँपालिकामा रहेको रु २० लाख लागतमा जि.पी. स्मृति भवनको अधुरो काम निर्माण सम्पन्न भएका छ।
- सङ्घ,प्रदेश र स्थानीय सरकारको लागत साझेदारीमा मिति २०७९ भदौ ३१ गतेको बाढीले घर भत्किएका २५ जना परिवारहरुको घर निर्माण कार्य सम्पन्न भएको छ । र यसै आर्थिक वर्षमा अनुदान वितरण समेत सम्पन्न हुनेछ ।
- यसै आर्थिक वर्षमा ढकारी गाउँपालिकामा रु २० लाख लागतमा नयाँ एम्बुलेन्स खरिद गरी सेवा सुचारु गरिएको छ ।

**सभाका अध्यक्ष महोदय,**

६. अब म ढकारी गाउँपालिकाको आगामी कार्यदिशा स्पष्ट हुने गरी बजेटका चार उद्देश्य तथा चार वटा प्राथमिकता गर्ने अनुमति चाहन्छु।

**बजेटका चार उद्देश्य देहायबमोजिम रहेका छन्:**

- गुणस्तरीय शिक्षा, खेलकुद क्षेत्रको विकासमा जोड दिनु,
- आधारभुत स्वास्थ्य उपचारलाई प्रभावकारी बनाई पोषण सुरक्षामा जोड दिनु,
- पूर्वाधार विकासलाई व्यवस्थित बनाई सडक सञ्जालिकरणमा जोड दिनु,
- आर्थिक विकासका लागि कृषि क्षेत्र, उद्यमशीलताको प्रवर्धनमा जोड दिनु,

**बजेटका चार प्राथमिकता देहायबमोजिम तय गरेको छु:**

- शिक्षा क्षेत्रमा गुणस्तर, खेलकुद विकास र पर्यटन पूर्वाधार निर्माण
- ग्रामिण सडक, सिंचाइ तथा खानेपानी समस्याको न्यूनीकरण,
- स्वास्थ्य क्षेत्र, पोषण सुरक्षा, सामाजिक सुरक्षा
- सीपमुलक तालिम प्रदान,कृषि तथा पशुपन्छी विकास, रोजगारी सृजना

**सभाका अध्यक्ष महोदय,**

७. अब म नेपालको संविधानको धारा २३० बमोजिम आर्थिक वर्ष २०८२/०८३ को वार्षिक राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न चाहान्छु । यस आर्थिक वर्षको आय तर्फ सङ्घीय सरकार मार्फत प्राप्त हुने अनुमान गरिएको अनुदान जम्मा रकम रु ४०,१३,००,०००/- ( अक्षेरेपी रु चालिस करोड तेह्र लाख रुपैयाँ ) , सुदूरपश्चिम प्रदेश सरकार मार्फत प्राप्त हुने अनुमान गरिएको अनुदान जम्मा रकम रु २,३९,०२,०००/- ( अक्षेरेपी रु दुई करोड उनान्चालिस लाख दुई हजार रुपैयाँ) तथा ढकारी गाउँपालिकाको आन्तरिक स्रोतको अनुमान रु. ५०,००,०००/- (अक्षेरेपी रु पचास लाख मात्र) गरी कुल जम्मा रकम रु ४३,०२,०२,०००/- ( अक्षेरेपी रु त्रिचालिस करोड दुई लाख दुई हजार मात्र) रहेको छ ।

८. आर्थिक वर्ष २०८२/०८३ को व्यय तर्फको अनुमान जम्मा रु ४३,०२,०२,०००/- ( अक्षेरेपी रु त्रिचालिस करोड दुई लाख दुई हजार मात्र) रहने छ । जस मध्ये चालु तर्फको व्ययको अनुमान रकम 34 करोड 12 लाख 71 हजार 6 सय रुपैयाँ तथा पूँजीगत तर्फको व्ययको अनुमान रकम 8 करोड 39 लाख 30 हजार 4 सय रुपैयाँ रहने छ ।

**सभा अध्यक्ष महोदय,**

९. अब म आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमहरु क्षेत्रगत रुपमा देहाय बमोजिम पेश गर्न चाहान्छु ।

गाउँपालिकाको कुल चालु तर्फको बजेट विषयगत रुपमा यस प्रकार रहेको छ ।

| आ.व.२०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम कृषि विकास शाखा मार्फत सञ्चालन गरिने प्रस्तावित कार्यक्रम | | | |
|---|---|---|---|
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजित रकम** | **कैफियत** |
| | ५० प्रतिशत अनुदानमा तरकारीको विउ वितरण | १ लाख २० हजार | |
| २ | आकस्मिक बाली संरक्षणका लागि विषादी खरिद | ४० हजार | |
| ३ | ५० प्रतिशत अनुदानमा फलफूलका विरुवा वितरण (हिउदे/वर्षे) | ३ लाख | |
| ४ | विषादी परीक्षण प्रयोगशाला (मिनि ल्याव) निर्माणका लागि आवश्यक सामाग्री खरिद | १ | |
| ५ | ५० प्रतिशत अनुदानमा हिउदे तथा बर्षे आलुको विउ वितरण | 200,000.00 | |
| ६ | ७५ प्रतिशत अनुदानमा कृषि मेसेनरि सामाग्री वितरण | 380,000.00 | |
| ७ | कृषि मेला प्रदर्शनि कार्यक्रम | 80,000.00 | |
| ८ | उत्पादन प्रविधि प्रदर्शन कार्यक्रम | 50,000.00 | |
| ९ | अनुगमन तथा भ्रमण खर्च | 80,000.00 | |
| १० | तरकारी तथा फलफूलको बजार व्यवस्थापनको लागि समिति गठन तथा समिति बैठक सञ्चालन | 50,000.00 | |

| | | | |
|---|---|---|---|
| ११ | राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव सञ्चालन | 80,000.00 | |
| **जम्मा रु** | | **1,480,000.00** | |

**पशु सेवा शाखाको आ.व.२०८२/०८३ का लागि प्रस्तावित बजेट कार्यक्रम**

| क्र.सं. | कार्यक्रम र क्रियाकलापहरु | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| 1. | पशुपन्छीको बिमाका लागि सहयोग कार्यक्रम | ५० हजार | |
| 2. | पशुपन्छीमा लाग्ने विभिन्न रोगको निः शुल्क उपचारका लागि औषधी खरिद (उपचार सेवा माईनर सर्जिकल उपचार) | ३ लाख | |
| 3. | खोप सेवा | १ लाख | |
| 4. | आकस्मिक उपचार सेवा | १ लाख | |
| 5. | वडा कार्यालयमा खटिएका पशु सेवा प्राविधिकसँग मासिक रिपोटिङ बैठक | ८० हजार | |
| 6. | कृत्रिम गर्भाधान | ५० हजार | |
| 7. | उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम | ५० हजार | |
| 8. | विपन्न एकल महिला लक्षित बाख्रापालन कार्यक्रम | ८० हजार | |
| 9. | सूचना तथा सञ्चार विविध खर्च | ३८ हजार | |
| 10. | अनुगमन तथा भ्रमण खर्च | ८० हजार | |
| | **जम्मा** | **९ लाख २८ हजार** | |

**स्वास्थ्य शाखा आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम**

| क्र.सं. | कार्यक्रम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्यकर्मी फिल्ड यातायात खर्च | 216,000.00 | |

| | | | |
|---|---|---|---|
| २ | सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको यातायात खर्च | 414,000.00 | |
| ३ | मासिक बैठक तथा समिक्षा खर्च | 200,000.00 | |
| ४ | ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम संचालन | 100,000.00 | |
| ५ | HMIS Tool छपाई | 250,000.00 | |
| ६ | म.स्वा.स्वयं सेविका दिवस तथा अपुग पोशाक खर्च | 45,000.00 | |
| ७ | स्वास्थ्य शाखा तथा स्वा.संस्थाको मसलन्द व्यबस्थापन खर्च | 370,000.00 | |
| ८ | तथ्याङ्क भेरिफिकेसन तथा बिभिन्न कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण | 50,000.00 | |
| ९ | बर्थिङ्ग केन्द्रका लागी आवश्यक औजार उपकरण खरिद | 200,000.00 | |
| १० | हातको हात सुत्केरी यातायात खर्चका लागी स्वा.संस्थाहरुलाई अनुदान | 250,000.00 | |
| ११ | नियमित खोप ढुवानी खर्च | 90,000.00 | |
| १२ | प्रयोगशालाका लागी आवश्यक केमिकल खरिद | 80,000.00 | |
| १३ | ढुङ्गाचाल्ना स्वा.चौकीको फर्निचर तथा कार्यालय व्यबस्थापन | 85,000.00 | |
| १४ | हिच्मा स्वा.चौकीको औषधि वितरण कक्ष निर्माण | 100,000.00 | |
| १५ | विविध | 50,000.00 | |
| १६ | औषधी खरिद | २५,००,०००।- | |
| १७. | गर्भवतिसँग उपाध्याक्ष कोष | २५,००,०००।- | |
| **जम्मा** | | **७५,००,०००।-** | |

**आ.व २०८२/०८३ को उद्यम विकास शाखा बजेट तथा कार्यक्रम**

| **क्र.स** | **कार्यक्रम** | **बजेट** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | हेयर कटिङ्ग सीप विकास तालिम | ३,५०,००० | |
| २ | शाखा व्यवस्थापन तथा भ्रमण खर्च | १,७५,००० | |
| जम्माः | | ५,२५,००० | |

**प्रशासन शाखा तर्फः**

| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | LISA अभिमुखीकरण कार्यक्रम | २५,०००/– | |
| २ | कर्मचारीको क्षमता विकास तालिम | ३,००,०००/– | |
| ३ | राष्ट्रिय दिवस सञ्चालन कार्यक्रम | ८०,०००/– | |
| ४ | विषयगत समिति बैठक सञ्चालन तथा व्यवस्थापन | ७५,०००/– | |
| जम्मा | | ४,८०,०००/– | |

**विपद् व्यवस्थापन शाखा तर्फ**

| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | विपद खोज तथा उद्दार तालिम सञ्चालन सञ्चालन | ३,००,०००/– | |
| जम्मा | | ३,००,०००।– | |

**सहकारी शाखा तर्फः**

| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | पूर्व सहकारी शिक्षा तथा सहकारी संस्थाका सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ३,००,०००/– | |
| २ | छपाइ व्यवस्थापन, सूचना ,सञ्चार तथा विविध | १,००,०००/– | |
| जम्माः | | ४,००,०००/– | |

**पञ्जिकरण ईकाई तर्फः**

| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता परिचय पत्र नवीकरण शिविर सञ्चालन | १,११,०००/– | |
| २. | सेवा ईकाई व्यवस्थापन | १,००,०००/– | |

| | | | |
|---|---|---|---|
| ३. | त्रैमासिक समीक्षा कार्यक्रम | ४५,०००/– | |
| | जम्माः | २,५६,०००/– | |
| **आन्तरिक लेखा परीक्षण तर्फ** | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १ | विविध व्यवस्थापन तथा कार्यविधि निर्माण | १,००,०००/– | |
| | **जम्माः** | **१,००,०००/–** | |

| | | | |
|---|---|---|---|
| **शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ** | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १. | गाउँपालिका स्तरीय आधारभूत तह कक्षा ८ को वार्षिक परीक्षा सञ्चालन | ३ लाख | |
| २. | विद्यालय स्तरीय वार्षिक परीक्षा सञ्चालन | ५ लाख ५० हजार | |
| ३. | प्र.अ. बैठक सञ्चालन | ३ लाख ६० हजार | |
| ४. | शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा सरोकारवालाहरु संग अन्तरक्रिया | १ लाख २० हजार | |
| ५. | शिक्षा समिति बैठक | ५० हजार | |
| ६. | शैक्षिक क्यालेन्डर निर्माण | १ लाख | |
| ७. | शैक्षिक विवरण अद्यावधिक तथा प्रोफाइल निर्माण | ५० हजार | |
| ८. | सूचना विज्ञापन र सञ्चार | २० हजार | |
| ९. | भ्रमण तथा विद्यालय अनुगमन | १ लाख ५० हजार | |
| १० | कक्षा ४–५ स्थानीय पाठ्यपुस्तक निर्माण | ३ लाख | |
| ११. | खेलकुद विकास समिति | ३० लाख | |
| १२. | गाउँपालिका करार शिक्षक तलब | ४ करोड | |
| | जम्मा | ४ करोड ५० लाख | |
| **महिला, बालबालिका तथा ज्येष्ट नागरिक शाखा तर्फ** | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १. | अपांग समन्वय समितिको बैठक | १ लाख | |
| २. | लैङ्गिक हिंसा निवारण कोष | ५० हजार | |
| ३. | लै.स.स. परीक्षण (Jeci audit) | १ लाख | |
| ४. | छाउगोठ व्यवस्थापन कार्यन्वयन समितिको बैठक तथा अनुगमन | १ लाख | |
| ५. | बालबालिका सम्बन्धी कार्यक्रम | १ लाख १० हजार | |
| ६. | बाल संरक्षण कोष | ५० हजार | |
| | जम्मा | ५ लाख ६० हजार | |
| **न्यायिक समिति तर्फ** | | | |

| वडा नं. १ तर्फ |
|---|

| क्र.सं. | कार्यक्रम | विनियोजन बजेट | कैफियत |
|---|---|---|---|
| १. | अध्ययन अनुगमन तथा भ्रमण | ३ लाख | |
| २. | समुदायिक स्तरमा कानूनी सचेतना कार्यक्रम | १ लाख | |
| ३. | सूचना सञ्चार छपाई | ५० हजार | |
| ४. | वडा स्तरीय मेलमिलाप केन्द्र स्थापना | ४ लाख | |
| | जम्मा | ८ लाख ५० हजार | |
| **बहुक्षेत्रीय पोषण तर्फ** | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १. | बहुक्षेत्रीय पोषण लागत साझेदारी | ५,५६,०००।- | |
| | | | |
| **भूमी व्यवस्थापन शाखा तर्फ** | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १. | भूमी शाखा व्यवस्थापन | १,००,०००।- | |
| **रोजगार सेवा केन्द्र तर्फ** | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १. | रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन | १,००,०००।- | |
| **वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन** | | | |
| **क्र.सं.** | **वडाहरु** | **विनियोजित रकम** | |
| १. | वडा नं. १ को कार्यालय | ५,५०,०००।- | |
| २. | वडा नं. २ को कार्यालय | ५,००,०००।- | |
| ३. | वडा नं. ३ को कार्यालय | ५,००,०००।- | |
| ४. | वडा नं. ४ को कार्यालय | ५,००,०००।- | |
| ५. | वडा नं. ५ को कार्यालय | ५,००,०००।- | |
| ६. | वडा नं. ६ को कार्यालय | ५,००,०००।- | |
| ७. | वडा नं. ७ को कार्यालय | ५,००,०००।- | |
| ८. | वडा नं. ८ को कार्यालय | ५,००,०००।- | |
| | जम्मा | ४०,५०,०००।- | |
| गाउँपालिका स्तरीय प्रशासनिक खर्च | | | |
| **क्र.सं.** | **कार्यक्रम** | **विनियोजन बजेट** | **कैफियत** |
| १. | गाउँपालिकाको कार्यालय सञ्चालन तथा व्यवस्थापन | 9,07,72,000।- | |

अब म आ.व. २०८२।०८३ को पूँजीगत तर्फको कुल बजेट विषयगत रुपमा पेश गर्न चाहान्छु ।

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नाउला रिमाडाँडा खानेपानी मर्मत | ढकारी–१, रिमाडाँडा | २,५०,०००।– | |
| २ | सात्रो फाल्ने खोला मुहान खानेपानी मर्मत | ढकारी–१, डडिडाँडा | ३,५०,०००।– | |
| ३ | केलारुख मुहान मुलडुफा खानेपानी मर्मत | ढकारी–१,मुलडुफा | ३,००,०००।– | |
| ४ | बैसाधारा खानेपानी मर्मत | ढकारी–१, तल्लाडुफा | १,५०,०००।– | |
| ५ | धुइनाखोला आमरुख खानेपानी मर्मत | ढकारी–१, लयगाउँ | १,००,०००।– | |
| ६ | भोकसडा खानेपानी मर्मत | ढकारी–१, नन्दपुर | १,००,०००।– | |
| ७ | खडिकारुख सिंचाई पोखरी मर्मत | ढकारी–१,भौरेगाउँ | २,००,०००।– | |
| ८ | घडेलाथला बण्डालीमाडु मन्दिर मर्मत | ढकारी–१,घडेलाथला | २,५०,०००।– | |
| ९ | षोडशादेवी मन्दिर मर्मत | ढकारी–१, नाउले | १,५०,०००।– | |
| १० | बाँसल्ला बण्डालीमाडु मन्दिर मर्मत | ढकारी–१, बाँसल्ला | २,००,०००।– | |
| ११ | बागेश्वर मन्दिर निर्माण | ढकारी–१, तल्लाडुफा | १,५०,०००।– | |
| १२ | भौरेगाउँ सिम मन्दिर निर्माण | ढकारी–१, भौरेगाउँ | २,५०,०००।– | |
| १३ | दलित टोल मन्दिर निर्माण | ढकारी–१, सैनबजार | २,५०,०००।– | |
| १५ | विपद् व्यवस्थापन | वडा नं. १ | ४,०६,०००।– | |
| १६ | नारी दिवस, जेष्ठ नागरिक सम्मान तथा तिज कार्यक्रम | वडा कार्यालय | १,५०,०००।– | |
| जम्मा | | | ३२,५६,०००।– | |

वडा नं. २ तर्फ

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | कार्यालय निवास तथा प्रतिक्षालय निर्माण | ढकारी–२ गैराखाल | ५,००,०००।– | |
| २ | वडा कार्यालय खानेपानी निर्माण तथा मर्मत | ढकारी–२ गैराखाल | १,००,०००।– | |
| ३ | राताखाली निरंकारी भवन चर्पी निर्माण | ढकारी–२ राताखाली | ५०,०००।– | |
| ४ | दोबाटा खानेपानी मर्मत तथा निर्माण | ढकारी–२, दोबाटा | २,००,०००।– | |
| ५ | रोल मुहान खानेपानी मर्मत तथा निर्माण | ढकारी–२, हिच्मा | १,००,०००।– | |
| ६ | मल्लो भकुन्डेगडा खानेपानी मर्मत | ढकारी–२, भकुन्डेगडा | १,००,०००।– | |

| | | | | |
|---|---|---|---|---|
| ७ | बुढाखोला मुहान सिङ्गेतोला सिंचाई पोखरी निर्माण | ढकारी–२, सिङ्गेतोला | १,५०,०००।– | |
| ८ | पेटारेपडा मुहान जारिमे खानेपानी मर्मत | ढकारी–२, दुन्ता | ५०,०००।– | |
| ९ | जुनबग्रे मुहान बलातीबडा खानेपानी मर्मत | ढकारी–२, बलातीबडा | १,००,०००।– | |
| १० | टुनीरुख मुहान लामाभलाने खानेपानी मर्मत | ढकारी–२, लामाभलाने | १,००,०००।– | |
| ११ | हिच्मा स्वास्थ्य चौकी फर्निचर खरिद | ढकारी–२, हिच्मा | १,००,०००।– | |
| १२ | वडा कार्यालय फर्निचर सामग्री खरिद | ढकारी–२, गैराखाल | १,५०,०००।– | |
| १४ | भैसीखर्क पानीपडा मुलखोला मुलसुधार | ढकारी–२ | ५०, ०००।– | |
| १६ | विपद् व्यवस्थापन | ढकारी–२ | ४,५०,०००।– | |
| | | जम्मा | २२,००,०००।– | |

**वडा नं. ३ तर्फ**

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | खनयारुख खानेपानी निर्माण | ढकारी–३ | १,००,०००।– | |
| २ | दाउनामोरा खानेपानी निर्माण | ढकारी–३ | १,००,०००।– | |
| ३ | मल्लि ठुलासैन खानेपानी मर्मत | ढकारी–३ | ५०,०००।– | |
| ४ | तोलसैन खानेपानी मर्मत | ढकारी–३ | १,००,०००।– | |
| ५ | पञ्चेबाजा व्यवस्थापन | ढकारी–३ | १,००,०००।– | |
| ६ | चौका मुहान ताली खानेपानी मर्मत | ढकारी–३ | १,००,०००।– | |
| ७ | बुडखोला गैराघर बुल्जी खानेपानी मुल सुधार | ढकारी–३ | १,००,०००।– | |
| ८ | खिरारुख सेउडा खानेपानी मुलसुधार | ढकारी–३ | १,००,०००।– | |
| ९ | कोलगडो रिटापानी पोखरी निर्माण | ढकारी–३ | १,००,०००।– | |
| १० | बेराजु खानेपानी मर्मत | ढकारी–३ | १,००,०००।– | |
| ११ | स्वास्थ्य चौकी व्यवस्थापन | ढकारी–३ | १,००,०००।– | |
| १२ | हिच्मा कापडा बरा हलेसी ग्रामीण सडक निर्माण | ढकारी–३ | ४,००,०००।– | |
| १३ | शिशु सुधार आ.वि. खेलमैदान निर्माण | ढकारी–३ | २,००,०००।– | |
| १४ | बण्डालीथान नयाँ कापडा ताली मन्दिर निर्माण | ढकारी–३ | ५०,०००।– | |
| १५ | बुढाखोला पानीघट्ट निर्माण | ढकारी–३ | १,००,०००।– | |
| १६ | कापडीखोला पानीघट्ट निर्माण | ढकारी–३ | १,००,०००।– | |
| १७ | बागबेते डडिडाँडा बेराजु सडक निर्माण | ढकारी–३ | २,००,०००।– | |

| | | | | |
|---|---|---|---|---|
| १८ | खानेपानी निर्माण सामग्री खरिद | वडा कार्यालय | १,5०,०००।- | |
| १९ | नायकापडा पानी पोखरी निर्माण | ढकारी-३ | १,००,०००।- | |
| २० | किथ्थेपानी खानेपानी मर्मत | ढकारी-३ | ५०,०००।- | |
| २१ | विपद व्यवस्थापन | वडा नं.३ | ४,००,०००।- | |
| | जम्मा | | २८,0०,०००।- | |

वडा नं. ४ तर्फ

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | भुवा नाच संरक्षण तथा सामग्री खदिद | ढकारी-४, बलाता | ३,५०,०००।- | |
| २ | भार्ते धुले लोडेघाट ग्रामीण सडक निर्माण | ढकारी-४, बलाता | ६,००,०००।- | |
| ३ | कृषि बहुवर्षिय फलफूल विरुवा खरिद | ढकारी-४, बलाता | ३,००,०००।- | |
| ४ | दक्षिणकाली मन्दिर चौर निर्माण | ढकारी-४, बलाता | ६,००,०००।- | |
| ५ | जीवन सुधार बालविकास केन्द्र शौचालय मर्मत | ढकारी-४, बलाता | १,००,०००।- | |
| ६ | सूर्योदय बालविकास केन्द्र शौचालय मर्मत | ढकारी-४, बलाता | १,००,०००।- | |
| ७ | नागाथाल पिपल चौतारो निर्माण | ढकारी-४, बलाता | १,००,०००।- | |
| ८ | खानेपानी मर्मत सामग्री खरिद | वडा कार्यालय | १,५०,०००।- | |
| ९ | मल्लो जबत खानेपानी मर्मत योजना | ढकारी-४,कैलाश | १,५०,०००।- | |
| १० | विपद व्यवस्थापन | ढकारी-४, बलाता | ४,३५,०००।- | |
| | | जम्मा | २८,८५,०००।- | |

वडा नं. ५ तर्फ

| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | फुलेआम सिंचाई कुलो निर्माण | ढकारी-५ | १,५०,०००।- | |
| २ | सुनारेपानी बसाले गडेन खानेपानी निर्माण | ढकारी-५ | १,५०,०००।- | |
| ३ | सरस्वती आ.वि. चैनपुर खेलकुद सामग्री खरिद | ढकारी-५ | ४०,०००।- | |
| ४ | कालिका आ.वि. तिखान खेलकुद सामग्री खरिद | ढकारी-५ | ४०,०००।- | |
| ५ | गोकुल मा.वि. खेलकुद सामग्री खरिद | ढकारी-५ | १,००,०००।- | |
| ६ | ज्ञान मन्दिर मा.वि. खेलकुद सामग्री खरिद | ढकारी-५ | १,००,०००।- | |
| ७ | ज्ञान मन्दिर - चैनपुर तिखान सडक निर्माण | ढकारी-५ | ४,००,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| ८ | मैका- सिरनगडा-अमडाँडा- ड्वाङ्ड्वाङे सडक निर्माण | ढकारी-५ | ७,६०,०००।- | |
| ९ | लेक-तिखान-बाँसकोट- सडक निर्माण (पुरानो दायित्व) | ढकारी-५ | ४,४१,०००।- | |
| १० | विपद् व्यवस्थापन | वडा नं. ५ | २,६०,०००।- | |
| | | जम्मा | २४,४१,०००।- | |

वडा नं. ६ तर्फ

| क्र.सं. | **योजना/कार्यक्रमको नाम** | **ठेगाना** | **विनियोजित बजेट** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | विपद् व्यवस्थापन | ढकारी-६, ढुङ्गाचाल्ना | ३,७३,०००।- | |
| २ | वडा कार्यालय घेरा पर्खाल निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | ४,००,०००।- | |
| ३ | भेडाबान्ने सिंचाई पोखरी निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | ३,००,०००।- | |
| ४ | गैराघर सिंचाई पोखरी निर्माण | ढकारी-६,ओडार | २,००,०००।- | |
| ५ | बाजसेन पानसेन ग्रामीण सडक निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | २,००,०००।- | |
| ६ | तामाखानी बिच सिंचाई कुलो निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | ४,००,०००।- | |
| ७ | तितौडा महिला खानेपानी मर्मत | ढकारी-६, ढुङ्गाचाल्ना | १,००,०००।- | |
| ८ | गल्वाल खानेपानी निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | १,००,०००।- | |
| ९ | लामासिंह खानेपानी मर्मत | ढकारी-६, ढुङ्गाचाल्ना | १,५०,०००।- | |
| १० | दुधेसिला मष्टा मन्दिर निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | ३,००,०००।- | |
| ११ | अष्टशिद्धी मा.वि. फर्निचर निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | १,००,०००।- | |
| १२ | स्वास्थ्य चौकी फर्निचर निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | १,००,०००।- | |
| १३ | कालिका आ.वि. सेरा खानेपानी मर्मत | ढकारी-६, ढुङ्गाचाल्ना | ५०,०००।- | |
| १४ | भगवती आ.वि. फर्निचर निर्माण | ढकारी-६, सल्लाकाटे | ५०,०००।- | |
| १५ | कर्मचन्द्र आ.वि. भवन मर्मत | ढकारी-६, ढुङ्गाचाल्ना | १,००,०००।- | |
| १६ | पञ्चज्योति आ.वि. भवन मर्मत तथा फर्निचर निर्माण | ढकारी-६, ढुङ्गाचाल्ना | २,००,०००।- | |
| १७ | विविध | ढकारी-६, ढुङ्गाचाल्ना | १, ००, ०००।- | |
| | | जम्मा | ३२,२३,०००।- | |

| वडा नं. ७ तर्फ | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजना/कार्यक्रमको नाम | ठेगाना | विनियोजित बजेट | कैफियत |
| १ | थार्म कर्साती सडक निर्माण | ढकारी-७ | ५,००,०००।- | |
| २ | चिन्ने रुख ढिल्की खानेपानी मर्मत | ढकारी-७ | १,५०,०००।- | |
| ३ | तल्लो भैसेबाडा खानेपानी मर्मत | ढकारी-७ | १,००,०००।- | |
| ४ | बेताल थान निर्माण | ढकारी-७ | २,००,०००।- | |
| ५ | सरस्वती आ.वि. फिल्ड कटिङ्ग | ढकारी-७ | २,५०,०००।- | |
| ६ | धारापानी मुहान खराला खोला सिंचाई योजना | ढकारी-७ | ४,००,०००।- | |
| ७ | भैसेबाडा सिंचाई पाईप खरिद | ढकारी-७ | ५०,०००।- | |
| ८ | लिडेमेला मुहान बाच्कोटीबाडा खानेपानी निर्माण | ढकारी-७ | १,५०,०००।- | |
| ९ | चोसा सडक मर्मत | ढकारी-७ | ४,००,०००।- | |
| १० | विपद् व्यवस्थापन | वडा नं. ७ | ३,७५,०००।- | |
| | | जम्मा | २५,७५,०००।- | |

| **वडा नं. ८ तर्फ** | | | | |
|---|---|---|---|---|
| क्र.सं. | **योजना/कार्यक्रमको नाम** | **ठेगाना** | **विनियोजित बजेट** | **कैफियत** |
| १ | वडा कार्यालय भवन निर्मांण योजना | ढकारी-८, घोडासैन | १३,००,०००।- | |
| २ | विपद् व्यवस्थापन | ढकारी-८, घोडासैन | ३,००,०००।- | |
| ३ | चियाखेती विस्तार योजना | ढकारी-८, घोडासैन | २,६३,५१७ ।- | |
| | | जम्मा | 18,63,517 ।- | |

| **गाउँपालिकाको कार्यालय तर्फ ( पुरानो दायित्व सृजना भएको)** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **आयोजना/योजना/कार्यक्रमको नाम** | **ठेगाना** | **विनियोजित रकम** | **कैफियत** |
| 1. | सैनबजार बुढासैन लाक्रेगडा रिंगरोड निर्माण | ढकारी १ | 5 लाख | |
| 2. | गुरूकुल ल्याव व्यवस्थापन | ढकारी १ | 7 लाख | |
| 3. | विद्यालय, खानेपानी तथा शौचालयहरुमा गै.स.स. सँग लागत साझेदारी | - | २६ लाख | |
| 4. | रिमारवा सिचाई कुलो निर्माण | ढकारी १ | १ लाख ७५ हजार | |

| | | | | |
|---|---|---|---|---|
| 5. | वलाति बाडा फाटाबगर सडक निर्मान | ढकारी २ | ५ लाख ५० हजार | |
| 6. | हिच्मा स्वास्थ्य चौकि घेरा पर्खाल निर्माण | ढकारी २ | २ लाख ५० हजार | |
| 7. | मन्तोला गैराखाल सडक निर्माण | ढकारी २ | १ लाख | |
| 8. | भुतेनि झडा सडक निर्माण | ढकारी ३ | २ लाख | |
| 9. | तालि बेराजु सडक निर्माण | ढकारी ३ | 6 लाख | |
| 10. | हिच्मा कापडा बगवेते सडक निर्माण | ढकारी ३ | २ लाख ५० हजार | |
| 11. | मेलसैन सडक निर्माण | ढकारी ३ | ३ लाख | |
| 12. | दाउनामोरा सडक निर्माण | ढकारी ४ | २ लाख | |
| 13. | खानेपनी/सिचाई पोखरिका पाईप खरिद | ढकारी ५ | १ लाख ९२ हजार | |
| 14. | तिखान विद्यालय कालिका आ.वि | ढकारी ५ | ५ लाख | |
| 15. | अष्टाशिद्धि मा.वि भवन निर्माण | ढकारी ६ | ४ लाख | |
| 16. | मनकामना आ.व छाना मर्मत | ढकारी ६ | २ लाख | |
| 17. | पन्चकन्या आ.वि छाना घेरा पर्खाल | ढकारी ६ | 3 लाख | |
| 18. | धानचौर ग्रामिण सडक निर्माण | ढकारी ६ | ३ लाख | |
| 19. | घोडाखाँद सडक निर्माण | ढकारी ७ | 8 लाख ५० हजार | |
| 20. | नयाँ गाउँ खानेपानी निर्माण | ढकारी ७ | ३ लाख ३० हजार | |
| 21. | गुदुगाड सडक मर्मत | ढकारी ७ | 3 लाख २५ हजार | |
| 22. | देवल देखि लम्चु मुख्य सडक ग्रावेल | ढकारी ८ | २ लाख | |
| 23. | बर्सालि देखि हडनाउलि सम्म सडक ग्रावेल | ढकारी ८ | २ लाख | |
| 24. | खडिपानी सडक निर्माण | ढकारी 6 | 5 लाख | |
| 25. | मैकाडाडा विक्रमा खण्डा बड्डाडुफा सडक निर्माण | ढकारी ५,७ | ६ लाख | |
| 26. | गल्वाल ढुङ्गाचाल्ना मेलपोखरा पुनेपाटा ग्रा.स मर्मत | ढकारी ६,८ | ६ लाख | |
| 27. | मैथुम खानेपानी निर्मान ढकारी | ढकारी १,६ | ८ लाख | |
| 28. | तालि बेराजु सडक निर्माण | ढकारी 3 | 5 लाख | |
| 29. | घोडाखाँद सडक निर्माण | ढखारी 7 | 6 लाख | |
| 30. | सैनबजार बुढासैन लाक्रेगडा रिंगरोड निर्माण | ढकारी 1 | 5 लाख | |
| **जम्मा:** | | | **1 करोड ४३ लाख 22 हजार** | |

| गाउँपालिकाबाट कार्यान्वयन हुने पूँजीगत खर्चः | | | | |
|---|---|---|---|---|
| क्र.सं. | आयोजना/योजना/कार्यक्रमको नाम | ठेगाना | रकम रू | कैफियत |
| १. | गाउँपालिका समपुरक कोष | - | ५० लाख | |
| २. | अमगाँउ खानेपनी लिफ्ट (Lift water supply) | ढकारी ६ | २० लाख | |
| ३. | ढकारी गा.पा भवन निर्माण | ढकारी १ | 50 लाख | |
| ४. | विपद् व्यवस्थापन कोष निर्माण | - | ३० लाख | |
| जम्मा | | | 1 करोड ५० लाख | |

**सभाध्यक्ष महोदय, आ.व. २०८२।८३ को बजेट मार्फत सम्बोधन गर्न नसकिएका तपसिल बमोजिमका योजनाहरुलाई स्रोत सुनिश्चित भएको खण्डमा कार्यन्वयन गर्नको लागि पेश गरेको छु ।**

| गाउँपालिकाबाट कार्यान्वयन हुने प्रस्तावित बजेटः | | | | |
|---|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | ठेगाना | अनुमानित लागत | कैफियत |
| 1. | कृष्ण आ.वि. भवन मर्मत | ढकारी-१, बाँसल्ला | ८,००,०००।- | प्रस्तावित |
| 2. | राउलासैन देउति मन्दिर घेरा पर्खाल निर्माण योजना | ढकारी-१, राउलासैन | ५,00,000।- | प्रस्तावित |
| 3. | हिच्मा बढीरुख चौतारो निर्माण | ढकारी-२, बढीरुख | ८,००,०००।- | प्रस्तावित |
| 4. | कालिका मा.वि. हिच्मा घेरा पर्खाल | ढकारी-२ | १२,००,०००।- | प्रस्तावित |
| 5. | ढंनेटा कालिका मन्दिर निर्माण | ढकारी वडा नं. ३ | ६,००,०००।- | प्रस्तावित |
| 6. | मनकामना मा.वि. फर्निचर निर्माण | ढकारी-४ बलाता | ५,०००,००।- | प्रस्तावित |
| 7. | माइको मन्दिर | ढकारी-५ | ५,००,०००।- | प्रस्तावित |
| 8. | पञ्चज्योति आ.वि. गल्वाल | ढकारी-६ | ७,००,०००।- | प्रस्तावित |
| 9. | बामनीको थान घेरापर्खाल | ढकारी-१ | ४,००,०००।- | प्रस्तावित |
| 10. | जनता आ.वि. खा.पा. निर्माण | ढकारी-७ | ४,००,०००।- | प्रस्तावित |
| 11. | त्रिपुरेश्वरी आ.वि. फिल्ड कटिङ्ग | ढकारी-७ | ३,००,०००।- | प्रस्तावित |
| 12. | डडाँडा भौरेगाउँ चोइटेखाली सडक निर्माण | ढकारी-१ | ८,००,०००।- | प्रस्तावित |
| जम्माः | | | ७५,००,०००।- | |

**सभा अध्यक्ष महोदय,**
**सभाका सदस्यहरु**

१०. आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेटको पूर्ण कार्यान्वयन मार्फत स्थानीय विकास, संस्थागत सुधार, सेवाप्रवाहमा बढोत्तरी, मितव्ययी र सुशासनयुक्त कार्यक्रमहरु सञ्चालन गरी गाउँपालिकाले लिएका लक्ष्य, उद्देश्य र प्राथमिकताहरु हासिल हुनेमा विश्वास व्यक्त गर्दछु । नागरिकका आवश्यकताको सम्बोधन नै ढकारी गाउँपालिकाको प्रमुख ध्येय हो । हामीले तय गरेका नीति तथा कार्यक्रम र बजेटको पूर्ण कार्यान्वयनका लागि जनप्रतिनिधि र कर्मचारी संयन्त्रको उच्च निष्ठा, प्रतिवद्धता र सकारात्मक सोचका साथ बाटो तय गर्नु पर्ने देखिन्छ ।

११. **अन्त्यमा,**

जटिल भौगर्भिक संरचना, छरिएर रहेका बस्तिहरु, साधारण भौतिक पूर्वाधार समेतको विकास नभई सकेको स्थितिमा सीमित स्रोत र साधन मार्फत नागरिकले खोजे अनुरुपको विकास गर्नु, गाउँघरमै रोजगारी सृजना गर्नु चुनौतिपूर्ण भएतापनि विकास अनायासको प्राप्ति नभई निरन्तर प्रक्रिया भएकाले क्रमबद्धरुपले विकासको गति थपिदै गई रहेको छ । ढकारी गाउँपालिका मन, बचन र कर्मले हरेक नागरिकप्रति जवाफदेहि रहदै आएको छ । आर्थिक वर्ष २०८२/०८३ को यस गरिमामय गाउँसभा कार्यक्रमलाई सफल बनाउन अहम् भूमिका निर्वाह गर्नु हुने सभाका अध्यक्ष ज्यू, सभाका सदस्यहरु, विभिन्न राजनीतिक दलहरु, कर्मचारीहरु, करदाता नागरिकहरु, विकास साझेदार गैर सरकारी संघ संस्थाहरु, शिक्षक, बुद्धिजीवी, पेशाकर्मी, सुरक्षाकर्मी, पत्रकार एवम् सम्पूर्ण ढकारी गाउँपालिका निबासी दाजुभाई तथा दिदीबहिनीहरु प्रति हार्दिक आभार एवम् धन्यवाद प्रकट गर्न चाहान्छु । ढकारी गाउँपालिकाको श्रीवृद्धिको लागि विभिन्न शीर्षकको अनुदान उपलब्ध गराउने नेपाल सरकार, सुदूरपश्चिम प्रदेश सरकार तथा यस क्षेत्रबाट प्रतिनिधित्व गर्नु हुने प्रतिनिधिसभाका सदस्य, सुदूरपश्चिम प्रदेश सभाका सदस्य ज्यूहरुप्रति समेत आभार प्रकट गर्न चाहान्छु । साथै यस बजेटको प्रभावकारी कार्यान्वयनको लागि हार्दिक अपिल एवम् निवेदन गर्दछु । धन्यवाद।

..............................
.....

नेत्रकला देवी शाही
उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा
समिति संयोजक
ढकारी गाउँपालिका, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल